अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-३ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

## बराहताल गाउँकार्यपालिकाद्वारा प्रकाशित

खण्डः १, संख्याः १ मितिः २०७५/०३/३०

भाग-३

बराहतालगाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बराहताल गाँउकार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको बराहताल गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि, २०७५ सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# स्थानीय राजपत्रप्रकाशन सम्बन्धीकार्यविधि, २०७५

प्रस्तावनाः
नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएका ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, पहिलो पटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न,स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्यनिर्धारण र बिक्रीवितरणको प्रबन्धगर्न बराहताल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम बराहताल गाउँकार्यपालिकाको मिति २०७५/०३/३० गते बसेको बैठकले यो कार्यविधि पारित गरी लागू गरेको छ ।

## भाग- १
## प्रारम्भिक

१. कार्यविधिको नामः यस कार्यविधिको नाम “स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५” रहेको छ ।

२. कार्यविधि लागू हुनेः यो कार्यविधि बराहताल गाउँकार्यपालिकाबाट पारित भएको मितिदेखि लागूहुनेछ ।

## भाग-२
## स्थानीय राजपत्रको भाग र ढाँचा

३.स्थानीय राजपत्रको भागहरुः स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची (१) बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

४. स्थानीय राजपत्रको ढाँचाः स्थानीय राजपत्रको ढाँचा अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. खण्डको व्यवस्थाः स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७५ साललाई १, २०७६ साललाई २), कायम गरी त्यसपछि क्रमशः जतिवर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. स्थानीय राजपत्रको संख्याः(१) स्थानीय राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

७. स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामग्रीः स्थानीय राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग-१ उल्लेख गर्ने त्यसपछि प्रकाशन सामाग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीः स्थानीय राजपत्र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशनगर्दा राजपत्रको अन्त्यमा "आज्ञाले,"भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

## भाग-३
## स्थानीय राजपत्रको प्रकाशन, अभिलेख तथावितरण

९. स्थानीय राजपत्र प्रकाशनको जिम्मेवारीः (१) कार्यपालिकाले कुनै शाखा वा इकाइलाई स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा इकाइबाट मात्र स्थानीय राजपत्र प्रकाशन गरिनेछ ।

१०. प्रकाशन पूर्व सम्पादन गर्नुपर्नेः (१) प्रकाशन हुने सामग्री गाउँकार्यपालिकाको कानून सम्वन्धी विषय हेर्ने शाखा वा इकाइबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१ वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/इकाइमा पठाईनेछ ।

११. स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनः (१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिका प्रमाणित गर्नु पर्नेछ ।

१२. निःशुल्क रुपमा उपलब्ध गराउनु पर्नेः गाउँपालिकाले स्थानीय राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराउनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित स्थानीय विभाग/महाशाखा/कार्यालय/शाखा/इकाई र

(ङ) गाउँपालिकाका प्रत्येक वडा कार्यालय

१३. वेभ साइटबाट सार्वजजनिक गर्नुपर्नेः गाउँपालिकाबाट प्रकाशित राजपत्रलाई गाउँपालिकाको वेभसाइटमा छुट्टै खण्ड (अलगपोर्टल) निर्माण गरी सो बाट समेत सार्वजनिक गरिनेछ ।

१४. विक्री वितरणको व्यवस्था तथा बिक्रीमूल्यः (१) प्रकाशित राजपत्र गाउँपालिकाका वडा कार्यालय र गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा इकाइ मार्फत विक्रीवितरणको व्यवस्था मिलाइनेछ ।

(२) स्थानीय राजपत्रको बिक्रीमूल्य देहाय बमोजिम निर्धारण गरिएको छ ।

(क) बार्षिक सदस्य बनाई बिक्री गर्दाः वडा कार्यालय वा कार्यपालिकाको कार्यालयबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षिक रु. ६००/–(छसय मात्र) ।

(ख) खुद्रा बिक्रीगर्दाः स्थानीय राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघसंस्थाले स्थानीय राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेज सम्म एक प्रतिको रु.१० मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु.२० मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको रु.२५ मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.३० मात्र
- ५७ देखि ७२ पेज सम्म एक प्रतिको रु.४० मात्र
- ७३ देखि ९६ पेज सम्म एक प्रतिको रु.८० मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज ३० पैसाका दरले थप शुल्क लिइनेछ ।

१५. बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने : स्थानीय राजपत्र बिक्री बापत प्राप्त राजश्व गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

१६. कार्यविधिको व्याख्याः यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँकार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१७. बचाऊः यो कार्यविधि लागू हुनुभन्दा अगावै गाउँपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

## स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

### भाग-१

गाउँ सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

### भाग-२

गाउँकार्यपालिकाबाट पारित भई प्रमाणीकरण भएका नियमावलीहरु प्रकाशन गरिनेछ ।

### भाग-३

गाउँकार्यपालिकाबाट जारी निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तह सँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

## बराहताल गाउँकार्यपालिकाद्वारा प्रकाशित

खण्डः..., संख्याः..., मितिः...

भाग-१

बराहताल गाउँपालिका

ऐन तथा सभाले बनाएको सभाको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

## बराहताल गाउँकार्यपालिकाद्वारा प्रकाशित

खण्डः..., संख्याः..., मितिः...

भाग-२

बराहताल गाउँपालिका

गाउँकार्यपालिकाबाट पारित भई प्रमाणीकरण भएका नियमावलीहरु प्रकाशनको व्यहोरा ।

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-३ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

---

## बराहताल गाउँकार्यपालिकाद्वारा प्रकाशित

---

खण्डः..., संख्याः..., मितिः...

---

भाग-३

बराहताल गाउँपालिका

कार्यपालिकाबाट जारी निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तह सँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,
नाम
प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,

यादव प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत